## नागरिक संलग्नताको माध्यमद्वारा स्थानीय सरकारको सामाजिक जवाफदेहिता संयन्त्रको सबलीकरण कार्यक्रम अर्न्तगत




**बडीमालिका नगरपालिका, बाजुरा**

**दवारी झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिको**

# सार्वजनिक परीक्षण प्रतिवेदन

**प्राविधिक सहयोग**

**जिआईजेड नेपाल**

**तयार गर्ने**

**हेमराज लामिछाने**

**प्रमोद भट्टराई**

**२०७७ फागुन ७ गते**

# विषय सूचि


१. पृष्ठभूमि ........ ३
२. उद्देश्य ........ ३
३. सार्वजनिक परीक्षणको महत्व ........ ४
४. सार्वजनिक परीक्षण विधि ........ ४
४.१ आयोजनाको छनौट ........ ४
४.२ आयोजना सम्बन्धी छलफल ........ ४
४.३ स्थलगत अवलोकन ........ ४
४.४ सार्वजनिक परीक्षणको सूचना ........ ५
४.५ आयोजनाको पूर्ण विवरण तयारी ........ ५
४.६ सार्वजनिक परिक्षण भेला (प्रस्तुतीकरण) ........ ५
५. प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन ........ ७
६. सार्वजनिक परिक्षणबाट देखिएका राम्रा पक्षहरू ........ ७
७. सार्वजनिक परिक्षणबाट देखिएका चुनौती वा कमीकमजोरीहरू ........ ८
८. सार्वजनिक परिक्षणलाई प्रभावकारी बनाउन चाल्नुपर्ने कदम वा सुझावहरू ........ ८
९. अनुसूचीहरू ........ १०

अनुसूची १ : स्थलगत अवलोकनका केही झलकहरू ........ ११
अनुसूची २ : उपभोक्ता समितिले तयार गर्ने आयोजना वा कार्यक्रम सम्बन्धी पूर्ण विवरणको ढाँचा ........ १२
अनुसूची ३ : सार्वजनिक परीक्षणका लागि सहजकर्ताले प्रयोग गरेको चेकलिष्ट ........ १५
अनुसूची ४ : आयोजनाको सूचनापाटीको ढाँचा ........ १७
अनुसूची ५: सहजकर्ताले सार्वजनिक परीक्षा गर्न प्रयोग गरेको कार्यक्रम तालिका ........ १८
अनुसूची ६ : सार्वजनिक परीक्षण कार्यक्रममा सहभागीहरूको केही झलकहरू ........ १९
अनुसूची ७ : सार्वजनिक परिक्षण कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका ........ २०

# दवारी झोलुङ्गे पुल निर्माणको सार्वजनिक परीक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

“सार्वजनिक परीक्षण (Public Audit)” भन्नाले आयोजना वा विकास कार्यक्रममा भएको लगानीको लेखाजोखालाई बुझिन्छ । यसमा सम्पादन भए गरेको विकासका क्रियाकलापहरु के कस्तो रुपले सञ्चालन वा सम्पन्न भए ? त्यसमा के कति र कसबाट लगानी भयो ? केमा कति खर्च भयो ? कामको गुणस्तर कस्तो छ ? खर्च प्रक्रिया वा विवरण ठिक छ वा छैन ? भएका काम पारदर्शीपूर्ण तरिकाबाट भए वा भएनन् जस्ता विषयमा लेखाजोखा गरी सुझाव दिने अधिकार उपभोक्ता वा सरोकारवालाहरुलाई हुन्छ । खर्च प्रक्रिया वा विवरण ठिक छ वा छैन ? भएका काम पारदर्शीपूर्ण तरिकाबाट भए वा भएनन् जस्ता विषयमा लेखाजोखा गरी सुझाव दिने अधिकार उपभोक्ता तथा सरोकारवालालाई हुन्छ । यसैको व्यवस्थित रुपलाई नै सार्वजनिक परीक्षण भनिन्छ । अर्को अर्थमा स्थानीय तहमा सम्पादन भएका विकासका क्रियाकलापहरूको सञ्चालन पद्धति, सञ्चालनको अवस्था, लगानी गर्ने संस्था, लगानी रकम, आयोजना व्यवस्थापनमा रहेका सबल तथा दुर्बल पक्षहरू, निर्णय प्रक्रिया, खरिद प्रकिया आदिमा अपनाइएको तरिका, उपभोक्ता तथा सरोकारवालाहरूको सहभागिता, योजनाको तात्कालिक प्रभाव, आदि विषयमा सरोकारवाला तथा लाभान्वित समूह बीचको छलफल तथा लेखाजोखा सार्वजनिक परीक्षण भित्र पर्दछ । यसबाट आयोजना र कार्यक्रमप्रति जनचासो बृद्धि भई सम्बन्धित सरोकारवालाहरूको सहभागिता र अपनत्वमा बृद्धि हुन्छ । यसले निर्णय प्रक्रियामा प्रजातान्त्रिक प्रक्रिया र पारदर्शी व्यवहार अवलम्बन गर्न सिकाउँदछ । आयोजना र कार्यक्रममा हुनसक्ने अनियमितता नियन्त्रण गर्ने र कुनै अनियमितता भएको पाइएमा उपभोक्ताहरूलाई सचेत गराउने कार्य गर्दछ र आयोजना र कार्यक्रममा आम उपभोक्ताहरूको स्वामित्वभाव स्थापित गर्दछ ।

स्थानीय सरकारले वाह्य वा आन्तरिक श्रोतबाट सञ्चालन हुने सबै किसिमका कार्यक्रम तथा आयोजनाहरु सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानी पूर्व अनिवार्य रुपमा सार्वजनिक परीक्षण गराउनु पर्दछ । यस्तो व्यवस्था निर्माण व्यवसायी, उपभोक्ता समिति, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थासँग गरिने सम्झौतामा नै अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

यसै सन्दर्भमा जिआइजेड नेपालको सहयोगमा बडिमालिका नगरपालिका, बाजुराको वडा नं. ५ मा निर्माण सम्पन्न भई भुक्तानी हुने चरणमा रहेको दवारी झोलुङ्गे पुल आयोजनाको सार्वजनिक परीक्षण गरी प्रतिवेदन तयार पारिएको छ ।

## २. उद्देश्य

नगरपालिका तहमा बाह्य तथा आन्तरिक श्रोतबाट सञ्चालन हुने सबै किसिमका कार्यक्रम तथा आयोजनाहरु पारदर्शी र उत्तरदायी बनाउन योजना सम्पन्न भएपछि कम्तीमा अन्तिम किस्ता भुक्तानी गर्नु पूर्व योजनाको आम्दानी खर्च तथा अन्य विवरणहरू आम उपभोक्ताहरू समक्ष राखी उपभोक्ताहरूको प्रतिक्रिया लिने, कार्यक्रमप्रति जनचासो बृद्धि गरी सम्बन्धित सरोकारवालाहरूको सहभागिता बृद्धि गर्ने, निर्णय प्रक्रियामा प्रजातान्त्रिक प्रक्रिया र पारदर्शी व्यवहार अवलम्बन गर्न गराउन सजग गराउन, कार्यक्रममा हुनेसक्ने अनियमितता नियन्त्रण गर्ने र कुनै अनियमितता भएको पाइएमा नियन्त्रण गर्न उपभोक्ताहरूलाई जिम्मेवार बनाउने, योजनामा आम उपभोक्ताहरूको स्वामित्व भाव स्थापित गर्ने लगायतका आदी कार्य यसको केन्द्रबिन्दुमा रहेका छन् ।

## ३. सार्वजनिक परीक्ष(ाको महत्व

सार्वजनिक परीक्षणले कुनै परियोजना वा कार्यक्रमले जनताको अपेक्षा पुरा गरेको नगरेको थाहा पाउन सहयोग गर्दछ भने कुनै परियोजना वा कार्यक्रममा भएको रकमको प्रयोग लाई इमान्दारिताका साथ प्रयोग भए नभएको जनताको माफ्न स्विकार्यताको सुनिश्चिता गर्दछ । त्यसैगरी सार्वजनिक परीक्षणले निर्वाचित वा जिम्मेवार अधिकारीलाई उपभोक्ताहरु, लाभग्राहीहरु, करदाताहरु र समग्रमा सम्पूर्ण समुदाय प्रति जिम्मेवार बनाउँन महत्वपूर्ण भूमिका खेल्दछ ।

## ४. सार्वजनिक परीक्ष(ा विधि

यस दवारी झोलुङ्गे पुल निर्माण आयोजनाको सार्वजनिक परीक्षणलाई वस्तुनिष्ठ एवं व्यवहारिक बनाउनका लागि निम्नानुसारका परीक्षण विधिहरु अवलम्बन गरिएको थियो ।

### ४.१ आयोजनाको ऽनौद

नगरपालिकाको सुझावका आधारमा सार्वजनिक परीक्षणका लागि बडीमालिका नगरपालिकाकाको वडा नं. ५ मा निर्माण भएको दवारी झोलुङ्गे पुल आयोजना लाई लिइएको छ । यो आयोजना रणनीतिक हिसाबले निकै महत्व राख्ने छिमेकी नगरपालिका बुढीगंगा नगरपालिकाको वडा नं. १, बडीमालिका नगरपालिकाको वडा नं. ५ र त्रिवेणी नगरपालिकाको वडा नं. ९ सँगको भौगोलिक सम्बन्ध जोड्नका लागि महत्वपूर्ण योजना हो । संघीय झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत स्थानीय उपभोक्ताहरुको योगदान २ प्रतिशत, नगरपालिकाको ६ प्रतिशत र बाह्य अनुदान (स्वाप) ९२ प्रतिशत लागत रहेको आयोजना हो । यस आयोजनाको निर्माणबाट बडीमालिका नगरपालिकाको वडा नं. ५, बुढीगंगा नगरपालिकाको वडा नं. १, त्रिवेणी नगरपालिकाको वडा नं. ९ का स्थायी बासिन्दाले प्रत्यक्ष तथा अन्यले अप्रत्यक्ष लाभ लिन सक्नेछन् । आयोजनाको निर्माण पछि स्थानीयहरुलाई दैनिक घाँस दाउरा गर्न, हिडडुल गर्न, गाउँ बस्तीका स्थानीयहरुलाई पक्की सडकसँगको पहूँच स्थापित गर्न तथा एक अर्को गाउँमा आवतजावतका लागि सहज भएछ ।

### ४.२ आयोजना सम्बन्धी ऽलफल

नगरपालिकाका प्रमुख, सम्बन्धित वडाका वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख, उपभोक्ता समितिका पदाधिकारीहरूसंग सार्वजनिक परीक्षण गर्नु पूर्व आयोजनाको बारेमा आवश्यक छलफल गरिएको थियो । छलफलमा आयोजनाको बारेमा अत्यावश्यक जानकारीहरु लिइएको थियो । सोही क्रममा आयोजनासँग सम्बन्धित प्राविधिक तथा नगरपालिकाका सम्बन्धित कर्मचारीका तर्फबाट आयोजनासँग सम्बन्धित काजगपत्र, लागत इष्टिमेट तथा निर्माण, खरिद लगायतका प्रक्रियाहरुको बारेमा समेत आवश्यक छलफल गरिएको थियो ।

### ४.३ स्थलगत अवलोकन

२०७७ साल फागुन ७ गते विहान ११ बजे आयोजना कार्यान्वयनको अवस्थाको बारेमा जानकारी लिन नगर प्रमुख र उपभोक्ता समितिका उपाध्यक्ष सहित आयोजना (दवारी झोलुङ्गे पुल निर्माण) को स्थलगत अवलोकन गरिएको थियो । अवलोकनका कममा आयोजनाको वर्तमान अवस्था, भौतिक प्रगति, आयोजना सूचनापाटी, नगरपालिकाबाट प्राप्त भएको प्राविधिक सहयोग, सामाग्री खरिद, ढुवानी, श्रमदान आदि कार्यमा भोगेका समस्याहरु, नगरपालिकाबाट प्राप्त बजेट र यसको प्रयोग लगायतका विषयमा छलफल एवं अवलोकन गरिएको थियो । स्थलगत अवलोकन गर्दा खिचिएका केही तस्विरहरु *अनुसूची १* मा प्रस्तुत गरिएको छ ।

४.४ सार्वजनिक परीक्ष(ाको सूचना

सार्वजनिक परीक्षणको लागि योजना छनौट गरिसकेपछि नगरपालिकाको तर्फबाट सामाजिक परीक्षण कार्य गर्नका लागि भेला हुने मिति, समय र स्थानको बारेमा नगरपालिका, स्थानीय उपभोक्ता, वुद्धिजिवी, आयोजना निर्माण गर्ने उपभोक्ता समितिका पदाधिकारीहरु, योजना तयार गर्दा श्रमदान गर्ने कामदारहरु र लाभग्राही समुदायहरुलाई कार्यक्रममा सहभागी हुन पूर्व सूचना दिईएको थियो ।

४.५ आयोजनाको पू(ा विवर(ा तयारी

सार्वजनिक परीक्षण कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समितिले भेलामा उपस्थित भएका आम उपभोक्ताहरूलाई आयोजनाबारे जानकारी गराउन स्थानीय सहजकर्ताको सहयोगमा आयोजनाको पूर्ण विवरण *अनुसूची २* बमोजिमको ढाँचामा तयार गरि २०७७ साल फागुन ७ गते बडीमालिका नगरपालिकाको वडा नं. ५ को दवारी झोलुङ्गे पुल निर्माण स्थलमा गरिएको सार्वजनिक परीक्षण भेलामा प्रस्तुत गरिएको थियो ।

४.६ सार्वजनिक परिक्ष(ा भेला ९प्रस्तुतीकर(ा०

बडीमालिका नगरपालिकाद्वारा वडा नं. ५ मा निर्मित दवारी झोलुङ्गे पुल निर्माण आयोजनाको सार्वजनिक परीक्षणका लागि २०७७ साल फागुन ७ गते १२ बजे आयोजना स्थलमै सार्वजनिक भेला उपस्थित भएको थियो ।

उक्त कार्यक्रममा उपस्थित हुन बडीमालिका नगरपालिकाको प्रमुख, इन्जिनियर, वडा नं. ५ र ७ का वडा अध्यक्षहरु, बुडीगंगा नगरपालिकाका वडा सदस्य लगायतका जनप्रतिनिधिहरु, निर्माण उपभोक्ता समितिका सदस्यहरु, आयोजना निर्माणमा काम गर्ने कामदारहरु, सम्बन्धित आयोजना हेर्ने नगरपालिकाका कर्मचारीहरु, प्राविधिकहरु, स्थानीय वुद्धिजिवी शिक्षक तथा लाभान्वित उपभोक्ताहरु सार्वजनिक परीक्षण कार्यक्रममा छलफलका लागि उपस्थित भएका थिए । सार्वजनिक परीक्षण भेला दवारी झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष श्री कर्ण बहादुर खत्रीको अध्यक्षतामा भएको थियो भने प्रमुख अतिथिको रुपमा बडीमालिका नगरपालिकाका प्रमुख श्री पदम बडुवाल एवं अतिथिको रुपमा वडाअध्यक्ष, नगरपालिकाका इन्जिनियर, योजना शाखाका प्रमुख उपस्थित हुनु भएको थियो ।

कार्यक्रमको औपचारिक शुरुवात संगै सार्वजनिक परीक्षण कार्यक्रम भेलाको आयोजना किन गरियो सोका उद्देश्यमाथि कार्यक्रमलाई सहजीकरण गरिरहनु भएका टोली प्रमुख हेमराज लामिछानेले प्रकाश पार्नु भएको थियो । भेलामा उठेका समस्या, सुझावहरुलाई सामाजिक परीक्षण प्रतिवेदमा समावेश गरी आगामी दिनमा आयोजनाहरु सञ्चालन एवं कार्यान्वन गर्दा राम्रा कुराहरुको अनुशरण र सुधार्नु पर्ने कुराहरुलाई सम्बन्धित क्षेत्रबाट सुधार्दै जान सार्वजनिक परीक्षण उपलब्धीमूलक हुने भएकाले सहभागीहरुले निर्धक्क भएर आफ्ना कुराहरु राख्न समेत अवगत गराउनु भएको थियो ।

त्यसैगरी उपभोक्ता समितिका सचिव श्री धनराज साउदले आयोजनाको भौतिक प्रगति तथा वर्तमान अवस्थाको बारेमा जानकारी दिनु भएको थियो । त्यसैगरी दवारी झोलुङ्गे पुल योजनाको सम्झौता भएदेखि सम्पन्न हुनु अघिसम्म गरिएका सम्पूर्ण कामहरुको बारेमा जानकारी र आयोजना सञ्चालनका क्रममा उपभोक्ता समतिलाई प्राप्त भएका सम्पूर्ण आम्दानी खर्चको विवरणहरु आम सहभागी बीच प्रस्तुत गर्नुभएको थियो ।

योजनाको आम्दानी खर्च माथि सहभागीहरुले सामान्य टिप्पणी गरेका थिए । आयोजना निर्माणको क्रममा पहिरोले बालुवा, ढुंगा, सिमेन्ट लगाएतका निर्माण समाग्रीहरु बगाएको, आयोजना स्थल निकै

जोखिमपूर्ण रहेकोले निर्माण सम्पन्न गर्न आवतजावत गर्न निकै दु:ख कष्ठ भोग्नु परेको दुखेसो पोखेका थिए । त्यसैगरी निर्माण समाग्रीहरु ढुवानीका लागि पहिरो, वर्षातका कारणले बाटो अवरुद्ध भएका कारण ढुवानीमा ढिलाई, सामानहरु ओसारपोसारका लागि ढुवानीमा समस्या समेत सृजना भएको बताएका थिए । विश्वमहामारी कोभिड १९ का कारण सृजित समस्याले निर्माण समाग्रीहरुको उपलब्धता समयमा हुन नसकेकाले आयोजना निर्माणमा समस्या उत्पन्न भएको साथै कार्य सम्पन्नमा ढिलाई हुन गएको थियो । सहभागीहरुले छिमेकी पालिकाले दवारी झोलुङ्गे पुल निर्माण आयोजनामा आवश्यकता अनुरुपको सहयोग नगरेको गुनासो समेत गरेका थिए ।

त्यस्तै उपस्थित उपभोक्ताले आयोजनाको निर्माणले तीनवटै नगरपालिकाका वडाका आम उपभोक्ता लाभान्वित भएको र केहीले छोटो अवधिकालागि भए पनि ज्यालादारी रोजगारी पाएको र आफ्नो वडामा विकास निर्माणको काममा आफूहरुको प्रत्यक्ष सहभागिता रहेकोमा खुसी लागेको बताए । भौगोलिक जटिलताका करणले लागत इष्टिमेट भन्दा बढीको कार्य गर्नु परेको र आयोजना निर्माणमा उपभोक्ता समितिका पदाधिकारीहरुको योगदानको उचित प्राविधिक मुल्याङ्कन सहित ज्याला भुक्तानी हुनुपर्ने दुखेसो समेत व्यक्त गरेका थिए ।

बुढीगंगा नगरपालिकाका वडा नं. १ का सदस्य श्री चक्र उपाध्यायले सार्वजनिक परीक्षण कार्यक्रम आयोजनाको लेखाजोखा र भुक्तानी प्रक्रियाकालागि निकै आवश्यक रहेकाले आफ्नो कार्यपालिका बैठकमा यस विषयमा कुरा गर्ने बताउनु भयो । यस किसिमका कार्यक्रमहरु अन्य पालिकाले पनि हरेक आयोजनाहरुमा अनुशरण गर्नु जरुरी रहको देखिन्छ । साथै दवारी झोलुङ्गे पुल निर्माणबाट आफ्नो वडाबासी समेत लाभान्वित रहेकाले भुक्तानी हुन बाँकी रहेको ज्यालाका लागि नगरपालिकाको ध्यानाकर्षण गराउने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो ।

सार्वजनिक परीक्षण कार्यक्रमका प्रमुख अतिथिको तर्फबाट नगर प्रमुख श्री पदम बडुबालले दवारी झोलुङ्गे पुल निर्माण स्थानीय उपभोक्ताका लागि निकै महत्वपूर्ण रहेको र निर्माण सम्पन्न भएबाट छिमेकी नगरपालिका बुढीगंगा र त्रिवेणीका केही वडाहरुसंगको सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नु भयो । रणनैतिक महत्व रहेको दवारी झोलुङ्गे पुल निर्माणबाट स्थानीय वासीहरुलाई कैलाश देवता, मालिका मन्दिर आवतजावतमा, दाउरा घाँस लगायतका कार्यका लागि सामाजिक एवं सास्कृत महत्व अझ बढ्ने कुराले आफूलाई निकै खुसी लागेको कुरा व्यक्त गर्नु भएको थियो । वर्षातको समयमा गतसाल खोला तर्ने क्रममा यही खोलाले एक स्थानीय युवकको मृत्यू समेत भएको कुरालाई स्मरण गर्दै यो झोलुङ्गे पुल निर्माणबाट आगामी दिनमा यस किसिमका दुर्घटनाहरु नदोहरिनेमा आफु निकै विश्वस्त रहेको बताउनु भयो ।

साथै सहभागीहरुले उठाएका जिज्ञासलाई प्रष्ट पार्दै उपभोक्ता समितिले दवारी झोलुङ्गे पुल निर्माणमा निकै राम्रो काम गरेकाले पाउनु पर्ने रकम नगरपालिकाले छिट्टै निकासा गर्ने र ज्यालादारीमा काम गर्ने उपभोक्ताको भुक्तानी समेत छिटै हुनुपर्नेमा आफु प्रतिबद्ध रहेको जानकारी गराउनु भयो । लागत इष्टिमेट भन्दा बढी कामको भुक्तानीकालागि उपभोक्ता समितिले छिमेकी पालिकासँग समेत आवश्यक समन्वय गरी वैकल्पिक सोतको व्यवस्थापन गरी ज्याला भुक्तानी गर्न सकिने औंल्याउनु भयो ।

उपभोक्ता समितिका अध्यक्षज्यूले कार्यक्रमको अन्त्यमा, आफूहरुले निकै इमान्दार भएर निर्माण कार्य सम्पन्न गरेकाले नगरपालिकाले थप प्राविधिक मुल्यांकन गरी भुक्तानी दिनुपर्ने ज्याला यथासक्य उपभोक्ता समतिको खातामा निकास गरिदिने कुरामा आफु ढुक्क रहेको कुरा प्रष्ट्याउनु भयो । सार्वजनिक परीक्षण कार्यक्रम मार्फत उपभोक्ता समितिले गरेका कार्यहरु आमभेलालाई जानकारी

गराउन पाउदा खुसी लागेकोले यस कार्यका लागि सहभागी सबैलाई धन्यवाद दिदै कार्यक्रमको समापन गर्नु भएको थियो ।

नगरपालिकाका प्रतिनिधिहरु, वडा सदस्यहरू, उपभोक्तासमितिका प्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरु, शिक्षक, उपभोक्ता, सेवाग्राही, जिआइजेड प्रतिनिधि, सहिजीकरण टिम सदस्यहरु गरी ३१ जनाको सहभागितामा सफलतापूर्वक सम्पन्न भएको सार्वजनिक परीक्षण कार्यक्रमलाई उपभोक्ता समितिका सचिवले सञ्चालन गुर्न भएको थियो ।

सार्वजनिक परीक्षण कार्यक्रममा सहजकर्ताले प्रयोग गरेको चेक लिष्टको नमूना, उपभोक्ता समितिले परियोजना स्थलमा राख्नु पर्ने सूचना पाटीको ढाँचा, सार्वजनिक परिक्षण कार्यक्रमको कार्यतालिका, सहभागीहरुको नामाली र अनुसूचि ३ भेला एवं छलफल कार्यक्रममा, सार्वजनिक परीक्षण कार्यक्रमका केही तस्विरहरु र कार्यक्रममा भाग लिएका सहभागीहहको नामावली क्रमसः अनुसूची ३, ४, ५, ६, र ७ मा उल्लेख गरिएको छ ।

## ५. प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन

बडीमालिका नगरपालिकाको वडा नं. ५ बुढीगंगा खोलामा निर्माण भएको दवारी झोलुङ्गे पुल निर्माणको सार्वजनिक परीक्षण कार्यक्रममा उपभोक्ता समितिले गरेको आयोजना विवरण प्रस्तुतीकरण माथिको छलफलमा उपभोक्ता तथा उपस्थित स्थानीय वासीहरुले आफ्नो प्रतिक्रिया एवं सुझाव राख्नु भएको थियो । आम उपभोक्ताबाट उठाइएका प्रतिक्रिया एवं सुझावहरुलाई बडीमालिका नगरपालिकाका नगर प्रमुखले जवाफ दिनु भएको थियो । उहाँले उपभोक्ताबाट उठाईएका प्रतिक्रिया एवं सुझाबहरुलाई नगरपालिकले आगामी आयोजनाहरु कार्यन्वयन गर्दा ध्यान दिइने जानकारी समेत गराउनु भएको थियो । सार्वजनिक परीक्षण प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न कार्यपालिका बैठकमा प्रतिवेदन पेश गरी नगरपालिकाले आवश्यक नीतिगत निर्णय गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो ।

## ६. सार्वजनिक परिक्ष(ाबाट देखिएका राम्रा पक्षहरु

- दवारी झोलुङ्गे पुल निर्माणले बडीमालिका नगरपालिकाको वडा नं. ५, त्रिवेणी नगरपालिकाको वडा नं. ९ र बुढीगंगा नगरपालिकाको वडा नं १ का करिब ३१०७ जनसंख्यालाई घाँसपात, हिडडुल र आवतजावतमा प्रत्यक्ष सहज पुगेको ।
- नगर क्षेत्रका तीनवटा नगरपालिकाका तीन वडाका १२८४ जनाले ज्यालादारी रोजगारी पाएको ।
- आयोजना कार्यान्वयनका लागि आम वडा भेलाबाट प्रक्रिया एवं विधान सम्मत ढंगबाट उपभोक्ता समितिको गठन भएको ।
- उपभोक्ता समितिले राख्नु पर्ने हिसाव किताब एवं बिल भपाईहरु कोषाध्यक्षले राखेको ।
- उपभोक्ता समितिका पदाधिकारी सदस्यहरु मिलेर आवश्यक समन्वय, मालसामान खरिद, खर्चको हिसाव किताब, निर्माण कार्यको अनुगमन, स्टोर व्यवस्थापन लगायतका कामको जिम्मेबारी लगायतको कामको पालैपालो जिम्मेवारी लिएको ।
- स्थानीय स्रोत सामाग्रीहरु (जस्तैः ढुंगा, जनशक्ति आदी) को प्रयोग गरी निर्माण कार्य सम्पन्न गरिएको ।
- सामुहिक प्रायसबाट भौगोलिक जटिलताका बीच पनि निर्माण कार्य सम्पन्न गर्न सकिन्छ भन्ने देखिएको ।

- उपभोक्ता समितिले गर्नुपर्ने आवश्यक बैठक तथा निर्णयहरु आदिको माइन्यूट तयार गरिएको ।
- आवश्यक प्राविधिक सहितको अनुगमनहरु आयोजना कार्यान्वयनका दौरानमा पटक पटक भएको ।

## ७. सार्वजनिक परिक्ष(ाबाट देखिएका चुनौती वा कमीकमजोरीहरु

- परियोजनाको कार्यान्वयन २०७६ साल पौष १९ गतेबाट आरम्भ भएता पनि कोभिड १९ कारण मुलुक बन्दाबन्दीमा रहेको हुँदा कार्यान्वयन पक्षमा समस्या आएको ।
- वहुवर्षिय आयोजना भएपनि भौगोलिक विकटता, महामारी, प्रतिकुल समयमा निर्माण लगायतका कारणले कार्य सम्पादनमा ढिलाई भएको ।
- वर्षातको समयमा पहिरोले निर्माण भएको संरचना भत्काएर निर्माण समाग्री बगाएको
- स्थानीयलाई रोजगार उपलब्ध गराउनु कार्यक्रमको उदेश्य भएतापनि कार्यस्थल निकै जोखिम क्षेत्र रहेकाले कामदार व्यवस्थापनमा निकै समस्या देखिएको ।
- पहाडी क्षेत्रका निर्माण आयोजना वर्षातको समयमा निर्माण कार्य उपयुक्त नदेखिएको ।
- भौगोलिक कारणले मालसमान तथा निर्माण समाग्रीको ढुवानीमा समस्या देखिएको ।
- सामानहरु भुक्तानी नगरिकन खरिद गर्नुपर्ने भएकाले थप व्यक्तिगत जिम्मेवारी बहन गर्नु परेको ।
- वर्षात र पहिरोको समयमा समेत कार्य गर्नु पूर्ण सुरक्षित नहुँदा समेत निर्माण स्थलमा सुरक्षा लगायतका औजार समाग्रीहरुको प्रयोग हुन नसकेको ।
- ज्यालादारी कामदारहरुको लागि समयमा रकम भुक्तानी गर्न नसकिएको ।
- आयोजना स्थलमा आयोजना सूचना पाटी नराखिएको ।
- भौगोलिक अवस्था, समयको प्रतिकुलताका कारणले प्राविधिक इष्टिमेट अनुसार कार्य गर्न नसकिएको ।

## ८. सार्वजनिक परिक्ष(ालाई प्रभावकारी बनाउन चाल्नुपर्ने कदम वा सुझावहरु

- रोजगार प्रर्वद्धनका लागि आयोजनाको छनौट भएतापनि समयमा नै आयोजनाको छनौट एवं कार्य सम्झौता गरी उपयुक्त समयको समेत ख्याल गरी निर्माण कार्य गर्नु पर्ने ।
- कार्य सम्पन्न भैसकेकाले नगरपालिकाकाले उपभोक्ता समितिलाई निकासा दिनु पर्ने रकम भुक्तानी गर्नुपर्ने ।
- निर्माण सम्पन्न भैसक्दा पनि कामदारहरुको ज्याला भुक्तानी हुनु नसकेकाले यथासक्य शिघ्र कामदारको ज्याला भुक्तानीको व्यवस्था मिलाउनु पर्ने ।
- दवारी झोलुङ्गे पुल निर्माणबाट स्थानीयहरुले केही दिनका लागि भएपनि रोजगारी पाएकाले यस किसिमका आयोजनाहरु निर्माण गर्दा उपयुक्त समय छनौट गरि कार्यान्वयन गर्नुपर्ने ।
- दवारी झोलुङ्गे पुलको दुवै तर्फ दायाँ बाया क्षेत्रको बाटो यथासक्य निर्माण गरी झोलुङ्गे पुलको प्रयोगमा सहज बनाउनु पर्ने देखिन्छ ।
- आयोजनाको छनौट, उपभोक्ता समितिको गठन, कार्य सुरुवात, र समापनको अवधी, कार्य समापनमा आउने विभिन्न चुनौती लगायतका बारेमा उपभोक्ता समितिलाई आवश्यक छलफल एवं क्षमता विकासमा आवश्यक ध्यान दिनुपर्ने ।

- उपभोक्ता समिति मार्फत आयोजनाहरुको निर्माण गर्दा उनीहरुको योगदानले आयोजनाको लागत कम तथा निर्माणमा गुणस्तर समेत वृद्धि हुने भएकाले उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि गरी उपभोक्ता समिति मार्फत विकास निर्माणका कार्य गर्न सकिने ।
- उपभोक्ता समतिमार्फत कार्य गर्दा छोटो समयमा पनि उपभोक्ताको सहभागिताले निर्माण कार्य सम्पन्न गर्न सकिन्छ भन्ने देखिएकोले उपभोक्ता समिति मार्फत निर्माण हुने कार्यलाई प्रोत्साहन गर्न सकिने जस्ले गर्दा उपभोक्तालाई रोजगारी समेत सृजना हुने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुले समेत कामदारको रुपमा कार्य गर्ने गरेकोले उनीहरुले आफूलाई कार्य अनुगमन, व्यवस्थापन तिर मात्रै सिमित गर्नु पर्ने देखिन्छ ।
- प्रशासनिक कारणले (कार्यालय प्रमुखहरुको सरुवा, रकमहरुको निकासामा ढिलाई, प्राविधिक जाँच आदि) गर्दा हुने ढिलाई लाई नगरपालिकाले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।
- प्राविधिक लगत इष्टिमेट भन्दा बढीको काममा भुक्तानीमा समस्या हुने भएकाले आगामी दिनमा काम गर्दा उपभोक्ता समितिलाई सो विषयमा विषेश ध्यान पुर्‍याउनु पर्ने देखिन्छ अन्यथा भुक्तानीमा समस्या आउन सक्ने ।
- आयोजना सम्पन्न सम्झौता भन्दा वढी समय लागेकाले आगामी आयोजनाहरु निर्माण गर्दा ध्यान दिनुपर्ने देखिन्छ ।
- आयोजना स्थालमा योजनाको सम्झौता भएपछि आयोजनासंग सम्बन्धित विवरणहरु उल्लेख गरी आयोजना सूचना पाटी राख्नु पर्ने ।
- इस्टिमेट भन्दा बढी खर्च भएको रकमको व्यवस्थापनका लागि नगरपालिकाले उपभोक्ता समितिलाई आवश्यक सहयोग र सुझाव दिनु पर्ने ।

# अनुसूचीहरु

अनुसूची ञ : स्थलगत अवलोकनका केही झलकहरु









## अनुसूची ६ : उपभोक्ता समितिले तयार गरेको आयोजनाको पूर्(ा विवर(ा

**१. आयोजनाको**

(क) नामः दवारी झोलुङ्गे पुल निर्माण

(ख) स्थलः बडीमालिका नगरपालिका वडा नं. ५ (बुढगंगा खोला)

(ग) पहिलो किस्ता रकम रु. ७,४९,०००( सात लाख उनान्पचास हजार)

(घ) लागत रकम रु. **२३,३०,२३०।५६ (तेइस लाख तीस हजार दुईसय तीस रुपैया छपन्न पैसा मात्र)**

(ङ) शुरु हुने वा भएको मिति : २०७६।०९।१९

(च) सम्पन्न हुने वा भएको मिति २०७७।१०।२०

**२. उपभोक्ता समिति/गैसस/टोल विकास संस्था/सामुदायिक संस्थाको**

(क) नामः दवारी झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति

(ख) अध्यक्षको नाम : कन्न खत्री

(ग) सदस्य संख्याः ९ महिला संख्या. ४ पुरुष संख्या ५

**३. आम्दानी खर्चको विवरणः**

**(क) आम्दानी तर्फ**

| आम्दानीको स्रोत -कहाँबाट नगद वा जिन्सी प्राप्त भयो स्रोत खुलाउने) | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| नगरपालिका | ७,४९,००० | पहिलो किस्ता मार्फत उपभोक्ता समितिलाई प्राप्त भएको |
| नगरपालिका | ५,२७,००० | दोस्रो किस्ता मार्फत उपभोक्ता समितिलाई प्राप्त भएको |
| उपभोक्ता समिति | | उपभोक्ता समिति योगदान (जनश्रमदान) |

## (ख) खर्च तर्फ

| खर्चको विवरण | दर | परिमाण | जम्मा रकम |
|---|---|---|---|
| १. सामाग्री (के के सामाग्री खरिद भए?) | | | |
| सिमेन्ट | १२०० | २०६ | २४७२०० |
| बालुवा | ९७२ | ५० | ४८६०० |
| गिट्टी | १३०९ | १०० | १३०९०० |
| सामाग्री औजार | | | २५००० |
| २. ज्याला (के वापत कति ज्याला भुक्तानी भयो?) | | | |
| ज्यालादारी कामदार | ८०० | १२८४ दिन | १०२७२०० |
| मिस्त्री | ११०० | ९५ | १०४५०० |
| ३. श्रमदान (कति जनाले कुन काममा श्रमदान गर?) को विवरण | | | |

| खर्चको विवरण | दर | परिमाण | जम्मा रकम |
|---|---|---|---|
| ४.व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | एकमुष्ठ | १,००,००० |
| काठेपुल | | | २५००० |

## (ग) मौज्दात

| विवरण | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| १. नगद | | |
| (क) बैंक | | |
| ख. ब्यक्तिको जिम्मा | | |
| २. सामाग्री | | |
| सिमेन्ट | | |
| फलाम रड | | |

## (घ) भुक्तानी दिन बाँकी

| विवरण | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| सामान खरिद | | |
| ज्याला भुक्तानी | | |

## ४. योजनाको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| दवारी झोलुङ्गे पुल निर्माण | झो.पु निर्माण पछि हिडडुल तथा आवाज जावत सहज पुगेको<br><br>उ.स. मार्फत स्थानीयहरुलाई रोजगारी दिने | स्थानीयहरु घासदाउरा, हिडडुल तथा आवतजावतमा सहजता थपिएको ।<br><br>नगर क्षेत्रका स्थानीयले १२८४ दिन रोजगारी पाएको<br><br>३ वटा नगरपालिकाको तीन वटै वडाका गरी वडा नं बुडीगंगा १, बडीमालिका ५ र त्रिवेणी ९ का स्थानीयबासीले प्रत्यक्ष लाभ पाएका |

५. योजनाले पुर्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (योजना सञ्चालन भएको स्थानका उपभोक्ताहरु)

- दवारी झोलुङ्गे पुल निर्माणले बडीमालिका नगरपालिकाको वडा नं. ५, त्रिवेणी नगरपालिकाको वडा नं. ९ र बुढीगंगा नगरपालिकाको वडा नं १ का करिब ३१०७ जनसंख्यालाई घाँसपात हिडडुल र आवतजावतमा प्रत्यक्ष सहज पुगेको

६. आयोजना सचालन गर्दा आयोजना संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले के कस्तो कामको जिम्मेवारी लिएका थिए? खुलाउने

- उपभोक्ता समितिका विभिन्न सदस्यहरुले मिलेर कामको जिम्मेबारी, रेखदेख लिएको  देखिन्छ ।
- समाग्रीहरुको बिल भपाईहरु कोषाध्यक्षले राख्ने, मालसमान लगायतका स्टोर व्यवस्थापनमा सचिव सहित अन्य सदस्यहरुले पालैपालो जिम्मेबारी लिएको देखिन्छ ।
- अध्यक्षले आवश्यक समन्वय, मालसामान खरिद, अन्य खर्च लगायत अन्य सदस्यहरुले काम भैरहेको दौरानमा ज्यालादारी कामदारहरुको कामको रेखदेख तथा अनुगमन गरेको देखिन्छ ।

७. आयोजना सञ्चालनको क्रममा सम्वन्धित निकायले गरेको अनुगमन पटक

- वडास्तरीय अनुगमन भएको

८. कार्यक्रम सञ्चालनको क्रममा भोगेका समस्याहरु (बुँदागत रुपमा लेख्ने)

- वर्षात र पहिरोको समयमा समेत कार्य गर्नु पूर्ण सुरक्षित नहुँदा समेत निर्माण स्थलमा सुरक्षा लगायतका औजार समाग्रीहरुको प्रयोग हुन नसकेको
- ज्यालादारी कामदारहरुको लागि समयमा रकम भुक्तानी गर्न नसकिएको
- आयोजना स्थलमा आयोजना सूचना पाटी नराखिएको
- भौगोलिक अवस्था, समयको प्रतिकुलताका कारणले प्राविधिक इष्टिमेट अनुसार कार्य गर्न नसकिएको

९. कार्यक्रम सञ्चालनको क्रममा भएका राम्रा सिकाईहरु (बुँदागत रुपमा लेख्ने)

- स्थानीय स्रोत सामाग्रीहरुको प्रयोग गरी निर्माण कार्य गर्न सकिएको
- हिडडुल तथा यातायात आवगमनमा सहजता थपिएको
- आयोजना कार्यान्वयनका लागि आम वडा भेलाबाट प्रक्रिया एवं विधान सम्मत ढंगबाट उपभोक्ता समितिको गठन भएको
- उपभोक्ता समितिले राख्नु पर्ने हिसाव किताब एवं बिल भपाईहरु कोषाध्यक्षले राखेको
- उपभोक्ता समितिका पदाधिकारी सदस्यहरु मिलेर आवश्यक समन्वय, जिम्मेवारी लिएको देखिन्छ ।
- आवश्यक बैठक तथा निर्णयहरु आदीको माइन्यूट तयार गरिएको
- अनुगमनहरु भएको देखिन्छ ।

१०. सम्पन्न योजनालाई दिगो रुपमा सञ्चालन गर्न भविष्यको योजना के छ? (बुँदागत रुपमा लेख्ने)

- झोलुङ्गेपुलको दुवै तर्फ बाटो निर्माण गर्नु पर्ने
- आयोजना स्थलमा थुप्रिएका ढुंगा, ग्राभेल लगायतलाई सम्याई व्यवस्थित गर्नुपर्ने

११. समितिको सुझाव अन्य केही भए (बुँदागत रुपमा लेख्ने)

- नगरपालिकाले यथासक्य छिटो उपभोक्ता समितिलाई रकम निकासा दिनु पर्ने ।
- प्राविधिक लगत इष्टिमेट भन्दा बढीको काम भएकाले थप मुल्यांक्न गरी भुक्तानी उपलब्ध गराउनु पर्ने ।

१२.उपभोक्ता समिति/सामुदायिक संस्थाका पदाधिकारी तथा सदस्यहरुको दस्तखत

| .............. | .............. | .............. |
|---|---|---|
| नामः कोकिला कु. रेग्मी जैसी अधिकारी | नामः सुरेश वा. खत्री | नामः कन्न खत्री |
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

१३.विवरण तयार मितिः २०७७ फागुन ७ गते ।

**अनुसूची घ : सार्वजनिक परीक्ष(ाका लागि सहजकर्ताले प्रयोग गरेको चेकलिष्ट**

**स्वामित्वः**

(क) कार्यक्रम वा आयोजना समुदायले माग गरे अनुसार छ/छैन

(ख) लाभान्वित घरधुरी संख्याः

(ग) लक्षित वर्ग समावेशी (दलित, जनजाति, महिला, गरीब, पिछडिएको वर्ग) को संख्याः

(घ) योजनाबाट हुने उपलब्धिका सूचकहरू प्रष्ट छन्/छैनन्?

(ङ) लक्ष्य र उपलब्धि बीचको फरक

(च) योजनाको दिगोपनका लागि समुदायको सहभागिता तथा योगदान

(छ) योजना समयमा सम्पन्न भयो वा भएन? भएन भने कारणहरू

(ज) योजना सञ्चालन गर्न गठित उपभोक्ता समितिको गठन प्रक्रिया उपयुक्त भए/नभएको

(झ) उपभोक्ता समितिमा वास्तविक उपभोक्ताको प्रतिनिधित्व भए/नभएको

**योजनाको व्यवस्थापन तथा लेखाप्रणाली**

(क) जिम्मेवारी तालिका प्रष्ट रुपमा छ/छैन? तथा योजना सञ्चालन गर्ने निकायले प्रस्तुत गरे अनुसारको योजना सम्पन्न भए/नभएको?

(ख) खरिद प्रक्रिया ऐन, नियम तथा निर्देशिका बमोजिम भयो/भएन? प्रतिस्पर्धात्मक कोटेशन अनुसार भएको भए कारण खुलाउने

(ग) रु ५००० भन्दा माथिको खरिदमा मूल्य अभिवृद्धिकरको बिल समावेश भए/नभएको । विलहरूमा त्रुटिहरू भए/नभएको

(घ) स्टोर व्यवस्थापनमा त्रुटि रहे/नरहेको

(ङ) अग्रिम भुक्तानी रकम योजनाको उपभोक्ता समिति वा सञ्चालक समितिले गरेको निर्णय भन्दा फरक छ/छैन?

(च) काटिएको चेक, बैंकको विवरण सँग reconcile (भिडाएर रुजु ) गरियो/गरिएन?

(छ) खर्च विवरणमा उल्लिखित अनुसारका मानिसले काम गरेको हो/होइन ?

(ज) काम गर्ने मानिसले पूरै ज्याला पाएका छन्, छैनन् ?

(झ) स्थानीय निकायबाट समय समयमा निरीक्षण भएको छ/छैन ? निरीक्षण पश्चात् प्राप्त सुझावहरू कार्यान्वयन भए/भएनन् ? पारदर्शिता?

(ञ) योजना स्थलमा योजनाको लगानी बारे प्रष्ट हुने गरी सूचना बोर्ड राखियो/राखिएन ।

(ट) योजनाको सञ्चालन खर्चको विवरण प्रष्ट छ/छैन ।

(ठ) मिजरमेन्ट वुक (नापी किताव) प्रष्ट सित राखिएको छ/छैन ।

(ड) आयोजना वा कार्यक्रम कार्यान्वयन हुनु अघि पर्याप्त जानकारी गराउने काम भए नभएको ।

**अन्य**

(क) सहभागीमध्ये कसैले उपभोक्ता समितिको कुनै सदस्यको विशेष प्रशंसा मात्र गरेको वा विरोध गरेको अवस्थामा कारण पत्ता लगाउने ।

(ख) सूचना प्रवाहमा दलित,महिला,बालबालिका र पिछडिएका वर्गको सहभागिता रह्यो रहेन । कतैबाट अवरोध छ/छैन पत्ता लगाउने ।

(ग) प्राविधिकहरूबाट समयमै सुझाव र सल्लाह प्राप्त भयो, भएन? दिइएका सल्लाह र सुझावहरू उपयुक्त थिए/थिएनन् ?

(घ) योजनालाई प्रभावकारी रुपमा सञ्चालन गर्न भविष्यको योजना के छ ?

(ङ) योजना सञ्चालनको क्रममा महत्वपूर्ण सिकाइ के रह्यो ?

**अनुसूची द्ध : आयोजनाको सूचनापाद्दीको )ाँचा**

कार्यक्रम वा आयोजना नाम : **दवारी झोलुङ्गे पुल निर्माण**

कामको मूख्य विवरण : **दवारी झोलुङ्गे पुल निर्माण (पुलको दायाबाया, पुल अड्याउने संरचना निर्माण)**

निर्माण कार्य शुरु मिति : **२०७६।०९।१९** निर्माणकार्य सम्पन्न हुने अवधि : **२०७७।१०।२०**

कार्यक्रम वा आयोजनाको लागत / बजेट :

**२३,३०,२३०।५६ (तेइस लाख तीस हजार दुईसय तीस रुपैया छपन्न पैसा मात्र)**

कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने संस्था वा उपभोक्ता समितिको नाम :

**दवारी झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति, ब.न.पा, ०५,** बाजुरा

लागत ब्यहोर्ने मुख्य संस्था र कार्यालय :

**बडीमालिका नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बाजुरा**

उपभोक्ता र समुदायवाट ब्यहोरिने रकम : **२३३०२३।५६ (दुई लाख तेत्तीस हजार तेइस रुपैया छपन्न पैसा मात्र)**

**नोटः उपभोक्ता समितिले सो अुनसार आयोजना स्थलमा आयोजना सूचना पाटी टाँस गरेको पाईएन ।**

**अनुसूची ५: सहजकर्ताले सार्वजनिक परीक्षा गर्न प्रयोग गरेको कार्यक्रम तालिका**

| कार्यक्रम | जिम्मेवारी | समयावधि |
|---|---|---|
| औपचारिक कार्यक्रम सञ्चालन | झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति सचिव | १० मिनेट |
| भेलाको उद्देश्यबारे जानकारी | श्री हेमराज लामिछाने (सहजकर्ता जिआईजेड, नेपाल) | ५ मिनेट |
| योजनाको स्थिति वा प्रगति बारे प्रस्तुतीकरण | श्री धनराज साउँद, सचिव, उपभोक्ता समिति | १० मिनेट |
| योजनाको स्थितिबारे सहभागीको टिप्पणी | सहभागिहरु सबै | २५ मिनेट |
| योजनाको आम्दानी खर्च विवरण प्रस्तुत गर्ने | उपभोक्ता समिति सचिव | १५ मिनेट |
| आम्दानी खर्च उपर सहभागीको टिप्पणी लिने | उपस्थित सहभागिहरु सबै | ३० मिनेट |
| भेलाको सुझाव संकलन | सहजिकरण टिम | ३० मिनेट |
| उपभोक्ता समितिका पदाधिकारी र सहभागीहरुको टिप्पणी माथि संशोधन | नगर प्रमुख | १५ मिनेट |
| कार्यक्रम समापन तथा चिया खाजा | उपभोक्ता समितिका अध्यक्षताबाट | १० मिनेट |

## अनुसूची ट : सार्वजनिक परीक्षण कार्यक्रममा सहभागीहरुको केही झलकहरु













## अनुसूची ठ : सार्वजनिक परिक्षण कार्यक्रममा सहभागीहरुको उपस्थिति पुस्तिका



आज मिति २०७८/११/६ गते ढ्वारी खुडुङ्गे पुल निर्माण समितीका अध्यक्ष श्री कर्ण बहादुर खत्रीज्यूको अध्यक्षतामा र बडीमालिका नगर पालिकाका प्रमुख श्री पदम बहादुर बडुवाल ज्यू को प्रमुख आतिथ्यमा यस उपभोक्ता समितिले निर्माण गरेको ढ्वारी खुडुङ्गे पुलको सार्वजनिक परिक्षण कार्यक्रम सम्पन्न गरियो।

उपस्थिती

प्रमुख अतिथी - पदम बहादुर बडुवाल

१। अध्यक्ष - कर्ण बहादुर खत्री

उपाध्यक्ष - राम सिंह नेपाली

कोषाध्यक्ष " - कोकिला पाध्या - कोकिला

सचिव - धनराज साउँद

सदस्य - खड्क साउँद

" सुचना विक

" कृष्ण पाध्या

अन्य उपस्थिती

१ वडा नं. ६ अध्यक्ष - श्री धर्मराज पाध्या

२ वडा नं. ५ " " लाल बहादुर थापा

३ वडा नं. ४ " " सुरेन्द्र नाथ

४ JE 2 " " हेमराज लामिछाने

५ " " पुर्ण कला राई

६ " " प्रमोद भट्टराई

७ ~~बडीमालिका नगर पालिका वडा नं~~

८ नेपाल पत्रकार संगठन उपाध्यक्ष श्री तुला बहादुर थापा

९ बडीमालिका नगर पालिका वडा नं १ का सदस्य श्री चक्र उपाध्याय

| | | |
|---|---|---|
| ११ | रुपाराम खत्री | [illegible] |
| १२. | सिंह बुडा | सोझ. जे. बुढो |
| १३ | लक्ष्मण तिमिल्सिना | [illegible] |
| १४ | रामप्रसाद तिमिल्सेना | आरपी |
| १५ | सुशील खत्री | [illegible] |
| १६ | टेकन खत्री | [illegible] |
| १७ | प्रकाश नेपाली | प्रकाश नेपाली |
| १८ | गोविन्द खत्री | [illegible] |
| १९ | जयराज पाण्डेय | जयराज [illegible] |
| २० | किरन क. खत्री | [illegible] |
| २१ | फूलकला राई MIT | [illegible] |
| २२ | हेम बि. आचार्य सुचना प्रविधि अ. | [illegible] |
| २३ | पुष्पराज भट्ट [illegible] (पा.) | [illegible] |
| २४ | चेतराज जोशी (सहजकर्ता DAG स्थानिय) | [illegible] |
| २५ | रविकान्त ने. रावल - इन्जिनियर [illegible] | [illegible] |
| २६ | सिंगे बुढा | सिंगे बुढा |
| २७ | गणेश ब. बडुवाल | [illegible] |